# कर्जा सूचना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः प्रचलित कानून बमोजिम कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्था वा अन्य संस्था वा निकायबाट प्रवाह भएको कर्जाको सूचना सङ्कलन तथा संरक्षण गर्न र कर्जा सूचनाको प्रवाहलाई सुरक्षित, विश्वसनीय र प्रभावकारी तुल्याई स्वस्थ, सुरक्षित वित्तीय प्रणालीको आधार तयार गर्न कर्जा सूचना प्रणाली सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कर्जा सूचना ऐन, २०७७" रहेको छ।

(२) यो ऐन एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऋणी" भन्नाले दफा २१ बमोजिमका कर्जादाताबाट कर्जा लिएको र त्यस्तो कर्जाको सम्बन्धमा केन्द्रमा सूचना अभिलेख भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ख) "कर्जा" भन्नाले कर्जादाताले कुनै व्यक्ति, फर्म, कम्पनी, संस्था वा व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र साँवा, ब्याज वा अन्य शुल्क बुझाउने गरी प्रवाह गरिएको रकम, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति, कर्जाको ब्याज वा अन्य शुल्क,

पुनर्कर्जा, कर्जाको पुनर्संरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा अन्य वचनबद्धता सम्झनु पर्छ।

(ग) "कर्जादाता" भन्नाले प्रचलित कानून बमोजिम कर्जा प्रदान गर्ने दफा २१ बमोजिमको बैङ्क, वित्तीय संस्था वा निकाय सम्झनु पर्छ।

(घ) "कर्जा सूचना" भन्नाले यस ऐन बमोजिम कर्जादाताले केन्द्रलाई उपलब्ध गराउने कर्जा सम्बन्धी सूचना सम्झनु पर्छ र सो शब्दले दफा २३ वा २४ बमोजिम केन्द्रलाई प्राप्त हुने सूचना वा दफा २७ बमोजिम केन्द्रबाट प्रवाह हुने सूचनालाई समेत जनाउँछ।

(ङ) "कर्जा सूचना व्यवसाय" भन्नाले यस ऐन बमोजिम कर्जा सूचना प्राप्त गर्ने, त्यस्तो सूचनाको अभिलेख राख्ने, संरक्षण गर्ने र अभिलेख गरिएको सूचना सरोकारवाला निकायलाई प्रवाह गर्ने कार्य सम्झनु पर्छ।

(च) "केन्द्र" भन्नाले दफा ४ बमोजिम स्थापित कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "प्रयोगकर्ता" भन्नाले यस ऐन बमोजिम केन्द्रमा अभिलेख गरिएको सूचनाको प्रयोग गर्न पाउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(झ) "राष्ट्र बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम स्थापित नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा १२ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(ट) "सरोकारवाला" भन्नाले यस ऐन बमोजिम केन्द्रमा सूचना उपलब्ध गराउने वा केन्द्रबाट सूचना प्राप्त गर्न सक्ने व्यक्ति, कर्जादाता वा सदस्य संस्था सम्झनु पर्छ।

(ठ) "सदस्य संस्था" भन्नाले दफा १९ को उपदफा (४) बमोजिम सम्बन्धित केन्द्रसँग कर्जा सूचना आदान प्रदान गर्ने सम्बन्धमा सम्झौता गरेको संस्था वा निकाय सम्झनु पर्छ।

## परिच्छेद-२
## केन्द्र तथा सञ्चालक समिति

३. इजाजतपत्र लिनु पर्ने: यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि कर्जा सूचना सम्बन्धी कार्य गर्न वा गराउन हुँदैन।

४. केन्द्रको स्थापनाः कर्जादाताले ऋणीलाई उपलब्ध गराएको कर्जा र सोसँग सम्बन्धित सूचनाको सङ्कलन, अभिलेखन, संरक्षण गर्न तथा त्यस्तो सूचना प्रवाह गर्ने प्रयोजनको लागि कर्जा सूचना केन्द्र स्थापना गर्न चाहने कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा कम्पनी संस्थापना गराई कर्जा सूचना केन्द्र स्थापना गर्न सक्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत कर्जा सूचना सम्बन्धी काम गरिरहेको कम्पनीले सोही प्रयोजनको लागि पुनः कम्पनी संस्थापना गर्नु पर्ने छैन।

५. <u>पूर्व स्वीकृति लिनु पर्ने:</u> (१) कर्जा सूचना सम्बन्धी कार्यको लागि दफा ४ बमोजिम कम्पनी संस्थापना गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको शुल्क सहित देहायका कागजात संलग्न गरी पूर्व स्वीकृतिका लागि राष्ट्र बैङ्क समक्ष निवेदन दिनु पर्नेछः-

(क) प्रस्तावित कम्पनीको प्रबन्धपत्र र नियमावली,

(ख) कर्जा सूचना सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) तोकिए बमोजिमको ढाँचामा संस्थापकको विवरण,

(घ) प्रस्तावित कम्पनी संस्थापना गर्नु अघि संस्थापक बीच कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि र सोको सारांश,

(ङ) पूर्व स्वीकृतिको लागि निवेदन दिनुभन्दा तत्काल अघि संस्थापकले कर चुक्ता गरेको प्रमाण,

(च) निवेदक सङ्गठित संस्था भए देहायको विवरण पेश गर्नु पर्नेछः-

(अ) कर्जा सूचना कम्पनी संस्थापनाको सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(आ) सम्बन्धित कम्पनीको प्रबन्धपत्र र नियमावली,

(इ) प्रचलित कानून बमोजिम नियमन हुने व्यवसाय वा कारोबार सञ्चालन गर्ने कम्पनी भए त्यस्तो कम्पनीको नियमनकारी

निकायबाट कर्जा सूचना सम्बन्धी कार्य गर्न दिएको अनुमति,

(ई) लगानी गर्न सक्षम रहेको पुष्टि हुने तोकिए बमोजिमका कागजात।

(छ) राष्ट्र बैङ्कले निर्धारण गरे बमोजिमका अन्य विवरण तथा कागजात।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्तो कम्पनी संस्थापना गर्न मनासिब देखिएमा राष्ट्र बैङ्कले निवेदन परेको नब्बे दिनभित्र निवेदकलाई तोकिए बमोजिमको ढाँचामा पूर्व स्वीकृति दिनु पर्नेछ।

६. चुक्ता पूँजी: केन्द्रको चुक्ता पूँजी राष्ट्र बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ।

७. पूर्व स्वीकृति दिन इन्कार गर्न सक्ने: (१) दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्र बैङ्कले कम्पनी संस्थापना गर्न पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछः–

(क) प्रस्तावित कम्पनीको नाम पहिले नै दर्ता भइसकेको कुनै कम्पनीको नामसँग मिल्ने भएमा,

(ख) प्रस्तावित कम्पनीको नाम वा त्यसले गर्ने कर्जा सूचना व्यवसाय सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति र सम्प्रदाय बीचको सद्भाव वा सार्वजनिक व्यवस्थाको दृष्टिकोणले अनुपयुक्त वा अवाञ्छनीय हुने देखिएमा,

(ग) निवेदकले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण तथा कागजातबाट नयाँ कम्पनीलाई इजाजतपत्र दिंदा सीमित बजारको

कारण कर्जा सूचना व्यवसाय स्वस्थ र प्रतिस्पर्धात्मक रुपले सञ्चालन हुन नसक्ने देखिएमा,

(घ) प्रस्तावित कम्पनीको उद्देश्य यस ऐन र अन्य प्रचलित कानून विपरीत भएको देखिएमा,

(ङ) प्रस्तावित कम्पनीको प्रबन्धपत्र र नियमावलीमा सबै संस्थापकले आफ्नो र आफूले राखेको साक्षीको नाम, थर, ठेगाना नखुलाएको वा दफा ६ बमोजिमको चुक्ता पूँजी कायम गर्ने प्रस्ताव गरेको नदेखिएमा,

(च) दफा ५ बमोजिम पेश गरेको निवेदनमा प्रत्येक संस्थापकले प्रस्तावित कम्पनीको कम्तीमा दश हजार कित्ता शेयर लिन मञ्जुर नगरेमा वा आफूले लिने शेयर सङ्ख्या स्पष्ट रुपमा नखुलाएमा,

(छ) प्रस्तावित कम्पनीको कुनै संस्थापक कर्जा सूचना सम्बन्धी कसूर, बैङ्किङ्ग कसूर, ठगी, जालसाजी, कीर्ते, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मानव बेचबिखन, सङ्गठित अपराध, अपहरण वा शरीर बन्धक जस्ता नैतिकपतन देखिने कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(ज) दफा ५ बमोजिम पेश गर्नु पर्ने सम्पूर्ण विवरण तथा कागजात पेश नभएमा,

(झ) प्रस्तावित कम्पनीले कर्जा सूचना व्यवसायका अतिरिक्त अन्य व्यवसाय समेत गर्ने उद्देश्य राखेको देखिएमा,

(ञ) प्रस्तावित कम्पनीको कुनै संस्थापक वा निजको एकाघरको परिवारको कुनै सदस्य प्रचलित कानून बमोजिम कालोसूचीमा परी फुकुवा भएको तीन वर्ष पूरा नभएमा,

(ट) प्रस्तावित कम्पनीको संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजीको पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर एउटै व्यक्ति, एकाघरको परिवार, संस्था वा समूहको स्वामित्वमा राखेको भएमा,

तर नेपाल सरकार, प्रदेश सरकार वा विदेशी लगानीकर्ताले लिने शेयरको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन।

(ठ) पूर्व स्वीकृति सम्बन्धमा राष्ट्र बैङ्कले तोकेको अन्य शर्त वा मापदण्ड पूरा नभएमा।

(२) यस दफा बमोजिम राष्ट्र बैङ्कले कर्जा सूचना कम्पनी संस्थापनाका लागि पूर्व स्वीकृति दिन इन्कार गरेमा निवेदन परेको नब्बे दिनभित्र सोको कारण सहितको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

८. निवेदन दिनु पर्ने: दफा ५ बमोजिम पूर्व स्वीकृति लिई प्रचलित कानून बमोजिम संस्थापना भएको कम्पनीले कर्जा सूचना सम्बन्धी कार्य गर्न चाहेमा देहायका विवरण तथा कागजात संलग्न गरी राष्ट्र बैङ्क समक्ष निवेदन दिनु पर्नेछः–

(क) कम्पनी संस्थापना गर्न राष्ट्र बैङ्कले दिएको पूर्व स्वीकृति,

(ख) कम्पनी संस्थापना भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(घ) कम्पनीको संस्थापक कुनै कम्पनी भए त्यस्तो कम्पनीका आधारभूत शेयरधनीको नाम र निजका एकाघरको परिवारको विवरण,

(ङ) कर्जा सूचना व्यवसाय सञ्चालन गर्न आवश्यक पूर्वाधारको विवरण वा भवन भाडामा लिएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(च) कम्पनीको कार्यकारी प्रमुख तथा अन्य व्यवस्थापक तहका पदाधिकारीको व्यक्तिगत विवरण,

(छ) कर्जा सूचना जोखिम धारण सम्बन्धी व्यवस्था,

(ज) संस्थापकले लिन कबुल गरेको शेयरको रकम चुक्ता भएको प्रमाणित हुने कागजात,

(झ) कम्पनीको सङ्गठनात्मक संरचना सम्बन्धी विवरण,

(ञ) कम्पनीका कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी विनियमावलीको प्रमाणित प्रति,

(ट) कम्पनीको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावलीको प्रमाणित प्रति,

(ठ) राष्ट्र बैङ्कले तोकेको अन्य विवरण तथा कागजात।

९. इजाजतपत्र दिने: (१) दफा ८ बमोजिम प्राप्त निवेदन र सोसाथ संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा निवेदक यस ऐन बमोजिम कर्जा सूचना व्यवसाय गर्न सक्षम देखिएमा राष्ट्र बैङ्कले तोकिए बमोजिमको शुल्क लिई निवेदन प्राप्त भएको नब्बे दिनभित्र निवेदकलाई तोकिएको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि दफा ८ बमोजिम पेश गर्नु पर्ने कुनै विवरण तथा कागजात पेश

नभएमा वा कर्जा सूचना व्यवसाय गर्नको लागि आवश्यक पूर्वाधारको व्यवस्था नभएको वा निवेदकलाई इजाजतपत्र दिँदा कर्जादाता वा ऋणीको हक हित संरक्षण हुन नसक्ने देखिएमा राष्ट्र बैङ्कले कारण खोली निवेदन परेको नब्बे दिनभित्र सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको इजाजतपत्रमा कुनै खास मितिदेखि प्रभावकारी हुने भनी उल्लेख गरिएकोमा बाहेक त्यस्तो इजाजतपत्र जारी भएको मितिदेखि नै प्रभावकारी भएको मानिनेछ।

(४) राष्ट्र बैङ्कले यस दफा बमोजिम इजाजतपत्र दिँदा प्रचलित कानून, कम्पनीको आर्थिक र सङ्गठन संरचनाको अवस्था तथा कर्जादाता वा ऋणीको हक हित समेतलाई ध्यानमा राखी केन्द्रको कार्यक्षेत्र र केन्द्रले पालना गर्नु पर्ने आवश्यक शर्त तोक्न वा त्यसरी तोकिएका शर्तमा हेरफेर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम राष्ट्र बैङ्कले तोकिदिएको शर्तको पालना गर्नु सम्बन्धित केन्द्रको कर्तव्य हुनेछ।

(६) यस दफा बमोजिम केन्द्रलाई दिइएको इजाजतपत्र हस्तान्तरण हुने छैन।

१०. कार्य प्रारम्भ गर्नु पर्ने: दफा ९ बमोजिम केन्द्रले इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्र इजाजतपत्रमा उल्लेख भए बमोजिम कर्जा सूचना व्यवसाय प्रारम्भ गर्नु पर्नेछ।

११. केन्द्रको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सदस्य संस्थाबाट यस ऐन बमोजिम प्राप्त सूचना सङ्कलन, प्रशोधन, अद्यावधिक र संरक्षण गर्ने,

(ख) सरोकारवालालाई यस ऐन बमोजिम सूचना उपलब्ध गराउने,

(ग) कर्जादाताले दिएको सूचनाको आधारमा निर्धारित समयमा कर्जा नतिर्ने वा कर्जा दुरुपयोग गर्ने ऋणीको सूची तयार गरी प्रकाशन गर्ने,

(घ) राष्ट्र बैङ्कले सिफारिस गरेका स्वदेशी वा नेपाल सरकारको स्वीकृतिमा विदेशी संस्था वा निकायलाई कर्जा सूचना उपलब्ध गराउने र त्यस्ता संस्था वा निकायबाट आवश्यक सूचना प्राप्त गर्ने,

(ङ) यस ऐनको अधीनमा रही सरोकारवालालाई कर्जा सूचना तथा सोसँग सम्बन्धित सेवा उपलब्ध गराउने,

(च) कर्जा सूचना सङ्कलन तथा कर्जा सूचना प्रवाह सम्बन्धमा आवश्यक ढाँचा तयार गर्ने,

(छ) राष्ट्र बैङ्कद्वारा स्वीकृत ढाँचामा कर्जा सूचना तथा सोसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रचलन अनुसारका अन्य सूचना सङ्कलन गरी कर्जा सूचना सम्बन्धी प्रतिवेदन तयार गर्ने,

(ज) ऋणीको साख अङ्क (क्रेडिट स्कोर) उपलब्ध गराउने,

(झ) राष्ट्र बैङ्कले दिएको निर्देशन वा समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

नेपाल सरकार अर्थ मन्त्रालय

१२. <u>सञ्चालक समितिको गठनः</u> (१) केन्द्रको सञ्चालनको लागि कम्तीमा एक जना महिलासहित कम्तीमा पाँच र बढीमा सात जना सञ्चालक रहेको एक सञ्चालक समिति गठन हुनेछ।

(२) सञ्चालकको नियुक्ति यस ऐनको अधीनमा रही केन्द्रको साधारण सभाले गर्नेछ।

तर,-

(क) केन्द्रको प्रथम वार्षिक साधारण सभा नभएसम्मको अवधिको लागि सञ्चालकको नियुक्ति संस्थापकद्वारा गरिनेछ।

(ख) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा अर्को वार्षिक साधारण सभा नभएसम्मको लागि सञ्चालकको नियुक्ति सञ्चालक समितिद्वारा गर्न सकिनेछ।

(ग) कुनै सङ्गठित संस्थाले शेयर लिएको भएमा सो संस्थाले शेयरको अनुपातमा हुन आउने सञ्चालक मनोनयन गर्न सक्नेछ र त्यसरी मनोनयन गर्दा एउटै व्यक्तिलाई एकभन्दा बढी केन्द्रमा मनोनयन गर्न पाइने छैन।

(३) समितिले दफा १४ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना स्वतन्त्र सञ्चालक नियुक्त गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ।

तर केन्द्रको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक परिवारबाट एउटा केन्द्रमा एकैपटक एकभन्दा बढी व्यक्ति सञ्चालक हुन पाउने छैन।

(५) सञ्चालकले आफूहरू मध्ये बहुमतबाट छानेको व्यक्ति समितिको अध्यक्ष हुनेछ।

(६) समितिको अध्यक्षले राष्ट्र बैङ्कको डेपुटी गभर्नर समक्ष र सदस्यले अध्यक्ष समक्ष पदमा बहाल हुनुअघि अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

(७) कुनै कारणले सञ्चालकको पद रिक्त भएमा रिक्त भएको पैंतीस दिनभित्र समितिले अर्को साधारण सभा नभएसम्मको लागि त्यस्तो रिक्त पदमा सञ्चालक नियुक्त गर्नु पर्नेछ।

१३. <u>सञ्चालकको पदावधि:</u> सञ्चालकको कार्यकाल यस ऐनको अधीनमा रही बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्त वा मनोनीत हुन सक्नेछ।

तर स्वतन्त्र सञ्चालक लगातार दुई कार्यकालभन्दा बढी सो पदमा बहाल हुन सक्ने छैन।

१४. <u>सञ्चालकको योग्यता:</u> (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति केन्द्रको सञ्चालक वा स्वतन्त्र सञ्चालक हुन योग्य हुनेछः-

(क) अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन वा वाणिज्य कानून विषयमा स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको

अधिकृतस्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा

(ख) अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन वा वाणिज्य कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृतस्तरमा कम्तीमा तीन वर्ष काम गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको कम्तीमा एक जना सञ्चालक कम्प्यूटर इञ्जिनियरिङ्ग वा सूचना प्रविधिमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्ट उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्र वा कर्जा सूचना सम्बन्धमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

१५. <u>सञ्चालकको अयोग्यता:</u> देहायको व्यक्ति केन्द्रको सञ्चालक हुन योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको र पैसठ्ठी वर्ष पूरा भएको,

(ग) होस ठेगानमा नभएको,

(घ) प्रचलित कानून बमोजिम साहुको दामासाहीमा परेकोमा सो अवस्था कायम रहेको,

(ङ) कुनै कारोबारमा कालोसूचीमा परी सो कालोसूचीबाट फुकुवा भएको मितिले तीन वर्ष पूरा नभएको,

(च) सम्बन्धित केन्द्रको बहालवाला लेखापरीक्षक वा सल्लाहकार वा सो केन्द्रसँग कुनै किसिमको ठेक्का

पट्टामा हिस्सेदार रहेको वा निजी स्वार्थ रहेको व्यक्ति,

(छ) शेयर स्वामित्वका आधारमा सञ्चालक हुन सम्बन्धित केन्द्रको प्रबन्धपत्र वा नियमावली बमोजिम लिनुपर्ने न्यूनतम शेयर नलिएको व्यक्ति,

(ज) नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्था वा राष्ट्र बैङ्क वा केन्द्रको बहालवाला कर्मचारी,

तर नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाले शेयर खरिद गरेको केन्द्रमा सञ्चालक मनोनीत गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(झ) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर चुक्ता नगरेको,

(ञ) कर्जा सूचना सम्बन्धी कसूर, बैङ्किङ्ग कसूर, ठगी, जालसाजी, कीर्ते, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मानव बेचबिखन, सङ्गठित अपराध, अपहरण वा शरीर बन्धक जस्ता नैतिकपतन देखिने कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ट) प्रचलित कानून बमोजिम नियमनकारी निकायले कानून विपरीत कार्य गरेको भनी कारबाही गरेको वा त्यस्तो कारबाही भएको पाँच वर्ष पूरा नभएको,

(ठ) स्वतन्त्र सञ्चालकको हकमा निज सम्बन्धित केन्द्रको संस्थापक वा शून्य दशमलब एक प्रतिशतभन्दा बढी शेयर स्वामित्व रहेको,

(ड) अदालतको फैसला बमोजिम लागेको दण्ड जरिबाना वा प्रचलित कानून बमोजिम अन्य सरकारी बाँकी तिर्न वा बुझाउन बाँकी रहेको।

१६. <u>सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्थाः</u> (१) देहायका अवस्थामा कुनै पनि व्यक्ति केन्द्रको सञ्चालक पदमा बहाल रहने छैनः-

(क) दफा १४ बमोजिमको योग्यता नभएमा वा दफा १५ बमोजिम अयोग्य भएमा,

(ख) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) यस ऐन वा राष्ट्र बैङ्कको निर्देशन बमोजिम सञ्चालकले गर्न नहुने कुनै कार्य गरेमा,

(घ) केन्द्रको हक हित विपरीत कार्य गरेको कारण निज केन्द्रको सञ्चालक पदमा रही कार्य सम्पादन गर्न अयोग्य रहेको भनी राष्ट्र बैङ्कले निजलाई हटाउन निर्देशन दिएमा,

(ङ) सञ्चालक पदमा नियुक्त भएको तीस दिनभित्र पद बहाल नगरेमा।

(२) उपदफा (१) बमोजिम कुनै सञ्चालक पदमा बहाल नरहेमा वा रहन योग्य नभएको भन्ने लागेमा समितिले सोको लिखित जानकारी पन्ध्र दिनभित्र राष्ट्र बैङ्कलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै सञ्चालक सो पदमा बहाल नरहेको वा रहन अयोग्य भएको कुराको लिखित

जानकारी प्राप्त भएमा राष्ट्र बैङ्कले त्यस्तो सञ्चालकको सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ।

१७. <u>समितिको बैठक र निर्णय</u>: (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) समितिको बैठक कम्तीमा तीन महिनामा एकपटक र आवश्यकता अनुसार बस्नेछ। समितिको बैठकमा छलफल गर्नु पर्ने विषयको सूची कम्पनी सचिवले कम्तीमा चौबीस घण्टा अगावै सबै सञ्चालकलाई उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सञ्चालकहरूले आफूमध्येबाट छानेको सञ्चालकले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(४) पचास प्रतिशतभन्दा बढी सञ्चालक उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले सदस्य संस्थाको प्रतिनिधि, पदाधिकारी वा कुनै विज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ। त्यस्तो आमन्त्रित सदस्यलाई बैठकमा मत दिने अधिकार हुने छैन।

(७) समितिको बैठकको निर्णय कम्पनी सचिवले प्रमाणित गरी राख्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१८. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कर्जा सूचना प्रणालीलाई सुरक्षित, भरपर्दो र प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

(ख) केन्द्रको वार्षिक कार्यक्रम तथा योजना स्वीकृत गर्ने,

(ग) कर्जादाता वा सदस्य संस्थाबाट प्राप्त सूचनाको अभिलेख व्यवस्थापन तथा राष्ट्र बैङ्कको स्वीकृतिमा केन्द्रबाट प्रदान गरिने सेवाको शुल्क निर्धारण गर्ने,

(घ) कर्जा सूचना प्रणालीलाई दिगो, भरपर्दो, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने,

(ङ) कर्जा सूचना प्रणालीलाई प्रभावकारी बनाउन राष्ट्र बैङ्कबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने।

## परिच्छेद-३
## <u>कर्जा सूचनाको व्यवस्थापन</u>

१९. <u>सदस्यता लिनु पर्नेः</u> (१) यस ऐन बमोजिम केन्द्रलाई कर्जा सूचना उपलब्ध गराउने र केन्द्रबाट त्यस्तो सूचना प्राप्त गर्न चाहने कर्जादाता वा दफा २३ बमोजिमका संस्था वा निकायले केन्द्रको सदस्यता लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्रको सदस्यता लिन देहाय बमोजिमका कागजात विवरण सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछः-

(क) सम्बन्धित कर्जादाताको नियामक निकायबाट जारी भएको दर्ता प्रमाणपत्र, कारोबार सञ्चालन अनुमतिपत्र वा संस्थाको कानूनी हैसियत स्थापित भएको स्पष्ट हुने कागजातको प्रमाणित प्रतिलिपि,

(ख) केन्द्रको सदस्यता लिने सम्बन्धमा सम्बन्धित कर्जादाताको सञ्चालक समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) सदस्यता शुल्क बुझाएको निस्सा,

(घ) सदस्यता प्राप्तिका लागि सम्बन्धित संस्थाले निवेदन दिने व्यक्तिलाई दिएको अख्तियारी,

(ङ) तोकिए बमोजिमका अन्य कागजात।

(३) उपदफा (२) बमोजिमको निवेदनसाथ संलग्न कागजात तथा विवरण जाँचबुझ गर्दा निवेदक संस्थालाई सदस्यता प्रदान गर्न मनासिब देखेमा केन्द्रले त्यस्तो संस्थालाई तोकिए बमोजिमको ढाँचामा सदस्यताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सदस्यता प्रदान गर्नुअघि केन्द्रले यस ऐन बमोजिम कर्जा सूचना आदान प्रदान गर्ने सम्बन्धमा सम्बन्धित संस्थासँग तोकिए बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २३ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमका निकायले केन्द्रको सदस्यता लिन आवश्यक पर्ने छैन।

(६) दफा २३ को खण्ड (क) र (ख) बमोजिमका निकायले केन्द्रमा सूचना उपलब्ध गराउने, त्यस्तो सूचना प्राप्त गर्ने वा सोको प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. सदस्यता खारेजीः (१) कुनै सदस्य संस्था प्रचलित कानून बमोजिम विघटन भएमा वा अस्तित्वमा नरहेमा त्यस्तो संस्थाको सदस्यता स्वतः खारेज हुनेछ।

(२) उपदफा (१) बमोजिम सदस्यता खारेज भएको कारणले मात्र त्यस्तो संस्था वा निकायले केन्द्रलाई यस ऐन बमोजिम तिर्न बुझाउन पर्ने कुनै शुल्क वा रकम वा पूरा गर्नु पर्ने दायित्व वा जिम्मेवारीबाट मुक्त हुने छैन।

२१. कर्जादाताः यस ऐनको प्रयोजनको लागि देहायका संस्थालाई कर्जादाता मानिनेछः-

(क) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैङ्किङ्ग कारोबार गर्न इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्था,

(ख) सहकारी ऐन, २०७४ बमोजिम इजाजतप्राप्त सहकारी बैङ्क तथा तोकिए बमोजिमको पूँजी भएको बचत तथा ऋण सहकारी संस्था,

(ग) कर्मचारी सञ्चयकोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोष,

(घ) नागरिक लगानी कोष ऐन, २०५८ बमोजिम स्थापित नागरिक लगानी कोष,

(ङ) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम स्थापित सामाजिक सुरक्षा कोष,

(च) निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापित निवृत्तभरण कोष,

(छ) युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन गर्न प्रचलित कानून बमोजिम स्थापना भएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष,

(ज) प्रचलित कानून बमोजिम वित्तीय पट्टा (फाइनान्सियल लिज) सम्बन्धी सेवा प्रदान गर्ने कम्पनी,

(झ) प्रचलित कानून बमोजिम स्थापना भएका हायर पर्चेज सम्बन्धी सेवा प्रदान गर्ने कम्पनी,

(ञ) राष्ट्र बैङ्कले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको कार्य गर्ने अन्य कुनै संस्था।

२२. केन्द्रलाई सूचना दिनु पर्नेः (१) सदस्य संस्थाले सम्बन्धित केन्द्रलाई देहाय बमोजिमका कर्जा सम्बन्धी सूचना उपलब्ध गराउनु पर्नेछः-

(क) ऋणीको नाम, थर, वतन, नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्र नम्बर, सम्पर्क नम्बर, इमेल तथा ऋणीको पहिचान हुने अन्य विवरण (बाबु, आमा, पति वा पत्नीको नाम, ठेगाना आदि),

(ख) ऋणी सङ्गठित संस्था भए त्यस्तो संस्थाको दर्ता नम्बर, नाम, ठेगाना, संस्थाको सञ्चालकको नाम, थर, ठेगाना, सम्पर्क नम्बर,

(ग) कर्जादाताले ऋणीलाई उपलब्ध गराएको कर्जा रकम र कर्जा चुक्ता गर्नु पर्ने किस्ता अनुसारको अवधि,

(घ) ऋणीलाई कर्जा उपलब्ध गराउँदा कुनै सम्पत्ति धितो राखेको भए सोको विवरण र मूल्य,

(ङ) ऋणीले कर्जादातासँग गरेको सम्झौता बमोजिम कर्जा तिरेको विवरण,

(च) ऋणी संलग्न भएको कारोबार सम्बन्धी कुनै मुद्दामा अदालतबाट ऋणीको सम्बन्धमा कुनै निर्णय भएको भए सो विषय,

(छ) ऋणीको कुनै संस्था वा व्यक्तिसँग कुनै व्यावसायिक सम्बन्ध भए सो सम्बन्धमा कुनै सरकारी निकायमा भएको अभिलेख,

(ज) राष्ट्र बैङ्कले उपयुक्त ठानेको अन्य विवरण।

(२) उपदफा (१) मा लेखिएको अतिरिक्त कर्जादाताले आफूले प्रवाह गरेको कर्जा र सोमा भएको संशोधन, ऋणीको वित्तीय दायित्व वा ऋणीले व्यक्त गरेको प्रतिबद्धता र भुक्तानी व्यवहारको अनुगमन गर्न आवश्यक हुने विवरण तोकिएको अवधिभित्र केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कर्जादाताले केन्द्रलाई कर्जा सूचना उपलब्ध गराउँदा पालना गर्नु पर्ने शर्त राष्ट्र बैङ्कले तोके बमोजिम हुनेछ।

२३. <u>सूचना उपलब्ध गराउन सक्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका संस्था वा निकायले केन्द्रलाई देहायका सूचना उपलब्ध गराउन सक्नेछः-

(क) अदालतबाट ठहरेको जरिबानाको सम्बन्धमा सम्बन्धित अदालत,

(ख) सरकारी बाँकी असुल गर्ने सम्बन्धमा केन्द्रीय तहसील कार्यालय,

(ग) खानेपानी, बिजुली, टेलिफोन तथा अन्य कुनै सार्वजनिक सेवा प्रदान गर्ने संस्थाले कुनै व्यक्ति वा संस्थालाई आफ्नो सेवा प्रदान गरे बापत लिन पाउने बक्यौता सेवा शुल्क, दस्तुर वा जरिबानाको सम्बन्धमा सम्बन्धित निकाय वा संस्था,

(घ) राष्ट्र बैङ्कले तोकिदिएको विषयमा केन्द्रसँग सम्झौता गरेका सम्बन्धित निकाय वा संस्था।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने सूचनाको प्रकार र सूचना उपलब्ध गराउने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२४. <u>सूचना प्राप्त गर्न सक्ने:</u> (१) यस ऐनको अधीनमा रही केन्द्रले देहायका व्यक्ति वा निकायबाट देहायका विषयसँग सम्बन्धित सूचना प्राप्त गर्न सक्नेछः-

(क) दामासाहीको कारबाही गर्ने निकाय वा अदालतबाट सो सम्बन्धमा भएको कारबाही वा अदालतको फैसला,

(ख) धितोपत्रको हक दर्ता गर्ने निकायबाट धितोपत्रको कारोबार सम्बन्धी सूचना,

(ग) कम्पनी दर्ता गर्ने निकायबाट कम्पनीको अद्यावधिक अवस्था,

(घ) जग्गाको अभिलेख राख्ने निकायबाट जग्गाको स्वामित्व सम्बन्धी अभिलेख,

(ङ) व्यक्तिगत अभिलेख राख्ने सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित व्यक्तिसँग सम्बन्धित कुनै अभिलेख।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त गर्दा केन्द्रले कुनै व्यक्ति वा संस्थाले लिएको कर्जा, सोबाट सिर्जित वित्तीय दायित्व, सो सम्बन्धी कुनै प्रतिबद्धता वा सो सम्बन्धमा अनुगमन गर्न आवश्यक हुने कुनै जानकारी प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रलाई प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने, कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता तथा गोपनीयताको हक हनन हुने र यस ऐनसँग असम्बन्धित सूचना प्राप्त गर्ने र त्यस्तो सूचना प्रवाह गर्ने अधिकार हुने छैन।

(४) केन्द्रले सूचना प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. <u>कर्जा सूचनाको अभिलेख राख्नेः</u> (१) दफा २२, २३ र २४ बमोजिम प्राप्त हुन आएका कर्जा सूचनाको अभिलेख केन्द्रले राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर्जा सूचना प्राप्त भएपछि केन्द्रले सोको जानकारी तीन दिनभित्र सम्बन्धित सदस्य संस्थालाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर्जा सूचनाको अभिलेख राख्दा केन्द्रले स्वीकृत ढाँचा बमोजिम राख्नु पर्नेछ।

(४) यस ऐन बमोजिम कर्जा सूचनाको अभिलेख राख्ने तरिका वा सूचनाको वर्गीकरण सम्बन्धी व्यवस्था केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले कर्जा सूचनाको अभिलेख राख्दा ऋणीको आर्थिक हैसियत, धर्म, वर्ण, जातीय उत्पत्ति वा वैचारिक आस्था जस्ता

विषयको आधारमा अभिलेख राख्ने र सो आधारमा कुनै सूचना प्रवाह गर्ने छैन।

२६. <u>कर्जा सूचनाको सुरक्षाः</u> (१) यस ऐन बमोजिम केन्द्रमा अभिलेख भएका कर्जा सूचनाको सुरक्षा गर्ने जिम्मेवारी केन्द्रको हुनेछ।

(२) उपदफा (१) बमोजिम कर्जा सूचनाको सुरक्षा गर्ने प्रयोजनको लागि केन्द्रले आवश्यक तथ्याङ्क भण्डार (डाटा बैङ्क) स्थापना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना गरिएको तथ्याङ्क भण्डारमा रहेका कर्जा सूचनामा अनधिकृत व्यक्तिको पहुँचबाट बचाउन, सूचनाको दुरूपयोग हुनबाट रोक्न तथा सूचनाको सुरक्षा गर्न केन्द्रले आवश्यक भौतिक तथा विद्युतीय सुरक्षा (इलेक्ट्रोनिक सेक्युरिटि) प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(४) उपदफा (३) को प्रयोजनको लागि केन्द्रले उपलब्ध उच्चतम् सुरक्षात्मक प्रविधिको प्रयोग गर्नु पर्नेछ।

२७. <u>कर्जा सूचना प्रवाह गर्नेः</u> (१) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले यस ऐन बमोजिम राखेको कर्जा सूचना देहायका सरोकारवालालाई प्रवाह गर्न सक्नेछः-

(क) सदस्य संस्था,

(ख) सदस्य संस्थाको नियामक निकाय,

(ग) आफूले लिएको कर्जाको सम्बन्धमा सम्बन्धित ऋणी,

(घ) अदालतले दिएको कुनै आदेश कार्यान्वयन गर्ने तहसम्म त्यस्तो आदेश कार्यान्वयन गर्ने कर्तव्य भएको व्यक्ति वा संस्था,

(ङ) कुनै अपराधको सम्बन्धमा त्यस्तो अपराध अनुसन्धान गर्ने संस्था वा निकाय,

(च) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै व्यक्ति, संस्था वा निकाय।

(२) दफा २५ बमोजिम केन्द्रमा रहेको कुनै सूचना प्राप्त गर्न चाहने उपदफा (१) बमोजिमका सरोकारवालाले आफूलाई आवश्यक परेको सूचनाको विवरण उल्लेख गरी तोकिएको ढाँचामा केन्द्र समक्ष निवेदन दिई सूचना माग गर्न सक्नेछ।

तर उपदफा (१) को खण्ड (ङ) बमोजिमको सूचना माग गर्दा सम्बन्धित संस्था वा निकायले राष्ट्र बैङ्कमार्फत माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा केन्द्रले तोकिए बमोजिमको शुल्क लिई निवेदकलाई आवश्यक सूचना उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका सरोकारवालाले सूचना प्राप्त गर्दा कुनै शुल्क लाग्ने छैन।

तर उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि सम्बन्धित ऋणीले एक वर्षमा एउटै कर्जाका सम्बन्धमा दुई पटक भन्दा बढी कर्जा सूचना माग गरेमा सो बापत निर्धारित शुल्क लाग्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पूरा गर्नु पर्ने कर्तव्य वा दायित्व पूरा नगरेका सरोकारवालाले माग गरेको कर्जा सूचना उपलब्ध गराउन केन्द्र बाध्य हुने छैन।

(६) कर्जा सूचना प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. <u>कर्जा सूचनाको प्रयोग</u>: दफा २७ बमोजिम केन्द्रबाट प्रवाह भएको कर्जा सूचना देहायको कार्यमा मात्र प्रयोग गर्नु पर्नेछः-

(क) कुनै व्यक्ति वा संस्थाको कर्जा लिन सक्ने क्षमताको मूल्याङ्कन गर्न,

(ख) ऋणीको ऋण खरिद गर्न वा सङ्कलन गर्न,

(ग) कर्जा नवीकरण वा पुनर्तालिकीकरण गर्न,

(घ) ऋणी संलग्न रहेको कर्जा सूचनाको अण्डरराईटिङ्ग गर्न,

(ङ) ऋणीको व्यवसायको सञ्चालन, प्रवर्द्धन गर्न,

(च) आवधिक रुपमा कर्जाको अनुगमन, जोखिम मूल्याङ्कन र सङ्कलन गर्न,

(छ) वित्तीय क्षेत्रको वित्तीय स्थायित्व तथा कर्जा बजारको अनुगमन गर्न,

(ज) बैङ्क तथा वित्तीय संस्थाको नियमन तथा सुपरीवेक्षण गर्न,

(झ) राष्ट्र बैङ्कले तोकेका अन्य कुनै प्रयोजनको लागि।

२९. <u>कर्जा सूचना गोप्य रहने</u>: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले अभिलेखमा राखेका कर्जा सूचना यस ऐन विपरीत हुने गरी कसैले पनि प्रयोग गर्न वा कसैलाई प्रकट गर्न हुँदैन।

(२) यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक ऋणीको लिखित सहमति बिना केन्द्रले निजसँग सम्बन्धित कुनै कर्जा सूचना कसैलाई उपलब्ध गराउने छैन।

३०. गलत कर्जा सूचना प्रदान गर्न नहुने: कसैले जानीजानी वा हेलचेक्र्याई गरी केन्द्रलाई झुठो, गलत वा भ्रामक कर्जा सूचना दिन वा केन्द्रले त्यस्तो सूचना प्रवाह गर्न हुँदैन।

३१. कर्जा सूचना सच्याउन सकिने: (१) दफा २५ बमोजिम केन्द्रको अभिलेखमा रहेको कुनै कर्जा सूचनामा कुनै त्रुटि भएमा वा फरक पर्न गएको पाइएमा सम्बन्धित सरोकारवालाले त्यस्तो त्रुटि सच्याउन आवश्यक प्रमाण सहित जुनसुकै बखत केन्द्रसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा केन्द्रले सम्बन्धित सरोकारवालालाई तुरून्त त्यस्तो त्रुटि सच्याई अभिलेख अद्यावधिक गरी पठाउन लगाउनु पर्नेछ।

(३) कर्जा सूचनामा भएको त्रुटि सच्याउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. दायित्व व्यहोर्नु पर्ने: (१) दफा २५ बमोजिम केन्द्रमा रहेको कर्जा सूचना यस ऐन विपरीत हुने गरी प्रवाह भएको कारणबाट कसैलाई कुनै हानि नोक्सानी हुन गएमा त्यसको क्षतिपूर्ति व्यहोर्ने दायित्व केन्द्रको हुनेछ।

तर सदस्य संस्थाले केन्द्रलाई गलत कर्जा सूचना दिएको कारणबाट ऋणीलाई कुनै हानि नोक्सानी पुगेको रहेछ भने त्यस्तो हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धित सदस्य संस्थाले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको माग दाबी, सोको जाँचबुझ तथा क्षतिपूर्ति भराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## नियमन तथा सुपरीवेक्षण

३३. नियमन गर्ने अधिकारः (१) यस ऐन बमोजिम केन्द्रको काम कारबाही र कर्जा सूचना व्यवस्थापन सम्बन्धमा कर्जादाताको काम कारबाहीको नियमन गर्ने अधिकार राष्ट्र बैङ्कलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम केन्द्र तथा कर्जादाताको काम कारबाहीको नियमन गर्ने सिलसिलामा राष्ट्र बैङ्कले केन्द्र तथा कर्जादाताको नाममा आवश्यक आदेश जारी गर्न वा निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम राष्ट्र बैङ्कले जारी गरेको आदेश वा निर्देशन पालना गर्नु सम्बन्धित केन्द्र तथा कर्जादाताको कर्तव्य हुनेछ।

(४) यस दफामा लेखिएको कुनै कुराले प्रचलित कानून बमोजिम कर्जादाताको नियमनकारी निकायको नियमन सम्बन्धी काम कारबाहीमा कुनै बाधा पर्ने छैन।

३४. सुपरीवेक्षण गर्नेः (१) यस ऐन बमोजिम केन्द्रको काम कारबाही र कर्जा सूचना व्यवस्थापन सम्बन्धमा कर्जादाताको काम कारबाहीको सुपरीवेक्षण गर्ने अधिकार राष्ट्र बैङ्कलाई हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि राष्ट्र बैङ्क आफैंले वा कर्जादाताको नियामक निकाय मार्फत कर्जा सूचनाको

व्यवस्थापन सम्बन्धमा कर्जादाताको काम कारबाहीको सुपरीवेक्षण गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सुपरीवेक्षण गर्न खटिएको पदाधिकारीले राष्ट्र बैङ्कले तोकेको विधि र प्रक्रियाको सीमाभित्र रही कर्जादाताको कर्जा सूचनाको व्यवस्थापन सम्बन्धी कार्यको सुपरीवेक्षण गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम कर्जादाताको काम कारबाहीको सुपरीवेक्षण गर्दा सुपरीवेक्षकले सम्बन्धित कर्जादातासँग निजले प्रवाह गरेको कर्जाको अद्यावधिक विवरण तथा सोसँग सम्बन्धित अन्य आवश्यक विवरण वा कागजात माग गर्न वा सो सम्बन्धमा कुनै निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सुपरीवेक्षकले मागेको विवरण तथा कागजात उपलब्ध गराउनु तथा दिएको निर्देशन पालना गर्नु सम्बन्धित कर्जादाताको कर्तव्य हुनेछ।

(६) यस दफामा लेखिएको कुनै कुराले प्रचलित कानून बमोजिम कर्जादाताको नियमनकारी निकायबाट हुने सुपरीवेक्षण सम्बन्धी काम कारबाहीमा कुनै बाधा पर्ने छैन।

## परिच्छेद– ५
## कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था

३५. कार्यकारी अधिकृत: (१) केन्द्रको दैनिक कार्य सञ्चालनको लागि एकजना कार्यकारी अधिकृत रहनेछ।

(२) कार्यकारी अधिकृत केन्द्रको प्रमुख प्रशासकीय अधिकृत हुनेछ।

(३) यो ऐन र प्रचलित कानूनको अधीनमा रही समितिले कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ।

(४) कार्यकारी अधिकृतको पदावधि बढीमा चार वर्षको हुनेछ।

३६. <u>कार्यकारी अधिकृतको योग्यता:</u> अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, वाणिज्य कानून वा सूचना प्रविधि (कम्प्यूटर इञ्जिनियरिङ्ग वा इन्फरमेसन टेक्नोलोजी) विषयमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्ट उपाधि हासिल गरेको र आर्थिक, बैङ्किङ्ग, कर्जा सूचना वा वित्तीय क्षेत्रको व्यवस्थापकीय हैसियतमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको व्यक्ति केन्द्रको कार्यकारी अधिकृतको पदमा नियुक्त हुन योग्य हुनेछ।

३७. <u>कार्यकारी अधिकृतको अयोग्यता</u>: देहायको व्यक्ति कार्यकारी अधिकृतको पदमा नियुक्त हुन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) पैतीस वर्ष उमेर पूरा नभएको,

(ग) दामासाहीमा परेको अवस्था कायम रहेको,

(घ) होस ठेगानमा नरहेको,

(ङ) कर्जा सूचना सम्बन्धी कसूर, बैङ्किङ्ग कसूर, ठगी, जालसाजी, कीर्ते, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मानव बेचबिखन, सङ्गठित अपराध, अपहरण वा शरीर बन्धक जस्ता नैतिक पतन देखिने कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(च) प्रचलित कानून बमोजिम कालोसूचीमा परी त्यस्तो सूचीबाट फुकुवा नभएको,

(छ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र लिएको वा लिन आवेदन दिएको।

३८. <u>कार्यकारी अधिकृतको पद रिक्त हुने</u>: देहायको अवस्थामा कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) निजले कार्यकारी अधिकृत पदबाट राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) दफा ३७ बमोजिम अयोग्य भएमा,

(घ) केन्द्रको हित विपरीत कुनै काम गरेको वा पदीय जिम्मेवारी पूरा नगरेको कारण समितिले निजलाई पदबाट हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(ङ) निजको मृत्यु भएमा।

३९. <u>कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u>: कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने,

(ख) समितिको बैठकमा छलफल तथा निर्णयको लागि पेश गर्नु पर्ने विषयसूची तयार गर्ने,

(ग) समितिबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम र समितिको निर्णय कार्यान्वयन गर्ने,

(घ) केन्द्रको आय-व्ययको विवरण राख्ने तथा केन्द्रबाट भए गरेका कामको त्रैमासिक रूपमा समीक्षा गरी प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ङ) केन्द्रको दैनिक आर्थिक तथा प्रशासनिक काम कारबाही सञ्चालन गर्ने एवं मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने,

(च) केन्द्रलाई आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गर्ने,

(छ) केन्द्रलाई आवश्यक पर्ने सामग्री खरिद गर्ने,

(ज) केन्द्रको चल अचल सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) केन्द्रको तर्फबाट कुनै पनि व्यक्ति, फर्म वा कम्पनीसँग करार गर्ने,

(ञ) केन्द्रको दैनिक कार्य सञ्चालन सम्बन्धमा प्रशासकीय प्रमुखको हैसियतमा अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद-६

## जरिबाना, कसूर तथा सजाय

४०. विलम्ब शुल्क लिन सक्नेः (१) दफा २२ को उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र केन्द्रलाई कर्जा सूचना उपलब्ध नगराउने सदस्य संस्थालाई केन्द्रले देहाय बमोजिम विलम्ब शुल्क लगाउन सक्नेछः-

(क) कर्जा सूचना उपलब्ध गराउनु पर्ने अवधि नाघेको पहिलो सात दिनसम्मको लागि प्रति सूचना एक हजार रूपैयाँ,

(ख) खण्ड (क) बमोजिमको अवधि नाघेको सात दिनसम्म प्रति सूचना दुई हजार रूपैयाँ,

(ग) कर्जा सूचना उपलब्ध गराउनु पर्ने अवधि नाघेको तीस दिन पछि प्रति सूचना पाँच हजार रूपैयाँ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रलाई सो उपदफा बमोजिम सूचना उपलब्ध नगराउने दफा २३ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सरोकारवालालाई विलम्ब शुल्क लाग्ने छैन।

४१. <u>जरिबाना गर्न सक्ने</u>: देहाय बमोजिमको कार्य गर्नेलाई राष्ट्र बैङ्कले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) दफा २५ को उपदफा (५) विपरीत कार्य गरेमा केन्द्रलाई पच्चीस हजार रुपैयाँसम्म,

(ख) दफा ३० विपरीत केन्द्रलाई झुट्ठो, गलत वा भ्रामक कर्जा सूचना दिएमा त्यस्तो सूचना दिनेलाई वा त्यस्तो सूचना केन्द्रबाट प्रवाह भएमा त्यस्तो कार्यमा संलग्न केन्द्रको पदाधिकारी वा कर्मचारीलाई पचास हजार रूपैयाँसम्म,

(ग) दफा ३३ बमोजिम राष्ट्र बैङ्कले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा दफा ३४ बमोजिम सुपरीवेक्षकले माग गरेको कागजात वा विवरण उपलब्ध नगराएमा केन्द्र वा त्यस्तो निकायलाई पचहत्तर हजार रूपैयाँसम्म।

४२. <u>कसूर</u>: कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम राखिएको कर्जा सूचनाको अभिलेख तथा सोको सुरक्षाको लागि प्रयोग गरिएका यन्त्र उपकरण (कम्प्यूटर, कम्प्यूटर

सर्भर, सफ्टवेयर) चोरी गरेमा, बिगारेमा वा नष्ट गरेमा,

(ख) केन्द्रको कर्जा सूचना भण्डार (डाटाबेस) मा गैरकानूनी तवरले कुनै सूचना थपेमा, हटाएमा, बिगारेमा वा नष्ट गरेमा,

(ग) दफा २९ विपरीत कसैलाई कर्जा सूचना उपलब्ध गराएमा, त्यस्तो सूचना चुहावट गरेमा वा दुरूपयोग गरेमा,

(घ) केन्द्रको सूचना भण्डार गरिएको कक्षमा अनधिकृत रूपमा प्रवेश गरेमा वा कुनै तरिकाले कर्जा सूचनामा अनधिकृत पहुँच राख्ने प्रयास गरेमा।

४३. <u>सजायः</u> (१) देहाय बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ४२ को खण्ड (क) वा (घ) बमोजिमको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिबाना वा दुबै सजाय,

(ख) दफा ४२ को खण्ड (ख) वा (ग) बमोजिमको कसूर गर्ने व्यक्ति वा केन्द्रको पदाधिकारी वा कर्मचारीलाई तीन वर्षसम्म कैद वा तीन लाख रूपैयाँसम्म जरिबाना वा दुबै सजाय,

(२) उपदफा (१) मा उल्लिखित कसूर बाहेक यस ऐन विपरीत अन्य कुनै कार्य गर्ने व्यक्तिलाई एक बर्षसम्म कैद वा बिगो खुलेकोमा बिगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र बिगो नखुलेकोमा एक बर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

(३) यस ऐन बमोजिमको कसूरमा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) दफा ४२ बमोजिमको कसूरबाट कसैलाई हानि नोक्सानी पुग्न गएमा कसूर गर्ने व्यक्तिबाट बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा वास्तविक रुपमा हुन गएको हानि बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

४४. नेपाल सरकार वादी हुनेः दफा ४३ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनसूची-१ मा परेको मानिनेछ।

## परिच्छेद-७
## विविध

४५. सहकार्य गर्न सक्नेः (१) केन्द्रले कर्जा सूचना प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी निकाय, सदस्य संस्था, विदेशी सरकार वा विदेशी संस्थासँग सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विदेशी सरकार वा विदेशी संस्थासँग सहकार्य गर्दा केन्द्रले त्यस्तो सरकार वा संस्थासँग आवश्यक समझदारी वा सम्झौता गर्न सक्नेछ। त्यसरी समझदारी वा सम्झौता गर्नु अघि नेपाल सरकारको अनुमति लिनु पर्नेछ।

४६. विवादको समाधानः (१) दफा ४२ मा उल्लिखित कसूरमा बाहेक यस ऐन कार्यान्वयनको सिलसिलामा केन्द्र र सरोकारवालाबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद

उत्पन्न भएको तीस दिनभित्र विवादसँग सम्बन्धित पक्षले आपसी सहमतिबाट विवादको समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र विवाद समाधान हुन नसकेमा सो व्यहोरा खुलाई पन्ध्र दिनभित्र विवादको कुनै पक्षले राष्ट्र बैङ्कसमक्ष विवाद समाधानको लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिम विवाद समाधानको वैकल्पिक उपायको अबलम्बन गरी विवाद समाधान गरी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम राष्ट्र बैङ्कले गरेको निर्णय अन्तिम हुनेछ।

(५) विवाद समाधान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. <u>वार्षिक प्रतिवेदनः</u> (१) केन्द्रले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र वर्षभरिमा आफूले सम्पादन गरेको काम कारबाहीको विवरण समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी राष्ट्र बैङ्क समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरेको वार्षिक प्रतिवेदन केन्द्रले सार्वजनिक गरी आफ्नो वेबसाईटमा समेत राख्नु पर्नेछ।

४८. <u>केन्द्र सम्बन्धी विशेष व्यवस्थाः</u> (१) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ बमोजिम स्थापना भई सञ्चालनमा रहेको कर्जा सूचना केन्द्रले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी राष्ट्र बैङ्कबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम स्थापना हुने केन्द्रको नियामक निकाय त्यस्तो केन्द्रको संस्थापक वा सञ्चालक हुन सक्ने छैन।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै नियामक निकाय केन्द्रको संस्थापक वा सञ्चालक रहेछ भने त्यस्तो निकायले यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र केन्द्रमा रहेको आफ्नो स्वामित्व विनिवेश गरिसक्नु पर्नेछ।

४९. <u>यसै ऐन बमोजिम हुने</u>: यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

५०. <u>नियम बनाउने अधिकार</u>: यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५१. <u>निर्देशिका वा कार्यविधि बनाउने अधिकार</u>: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही राष्ट्र बैङ्कले देहायका विषयमा आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछः-

(क) केन्द्रलाई कर्जाको सूचना दिने तरिका तथा ढाँचा,
(ख) कर्जा सूचना अभिलेख गर्ने तरिका,
(ग) कर्जा सूचनाको वर्गीकरण, प्रशोधन तथा विश्लेषण,
(घ) ऋणीको सहमति प्राप्त गर्ने तरिका,
(ङ) कर्जा सूचना प्रवाह गर्ने तरिका,
(च) कर्जा सूचना प्रयोग गर्दा पालना गर्नु पर्ने शर्त,
(छ) कर्जा सूचनाको सुरक्षा,
(ज) राष्ट्र बैङ्कले आवश्यक ठानेको अन्य विषय।

५२. <u>खारेजी र बचाउ</u>: (१) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐनको दफा बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय

अनुसूची

(दफा १२ को उपदफा (६) सँग सम्बन्धित)

## शपथ ग्रहणको ढाँचा

म ................................................................ कर्जा सूचना केन्द्रको ......................... पदमा नियुक्त/मनोनयन भएकोले सो पदको कर्तव्य प्रचलित कानून, नेपाल राष्ट्र बैङ्कको नियमन र निर्देशनको अधीनमा रही वित्तीय प्रणालीको सम्बर्द्धन तथा केन्द्रको हितलाई सदैव ध्यानमा राखी आफ्नो कर्तव्य इमान्दारीका साथ पालना गर्नेछु। केन्द्रको कारोबार तथा गोप्य राख्नु पर्ने कुराहरु कहीं कतै प्रकाश पार्ने छैन। ............................. को हैसियतले सञ्चालक समितिले अधिकार दिएको र कानूनले बाध्य गरेको अवस्थामा बाहेक मेरो जानकारीमा आएका कुनै पनि जानकारी तथा सूचना पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि प्रकारले कसैलाई जानकारी दिने छैन भनी इमान सम्झी सत्य निष्ठापूर्वक पद तथा गोपनीयताको शपथ ग्रहण गर्दछु।

| शपथ ग्रहण गर्ने व्यक्तिको- | शपथ ग्रहण गराउने पदाधिकारीको- |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |